Govt. Regd. No. 96042/069/070

sanima
MATHILLO MAILUN KHOLA JALVIDHYUT LIMITED

# Mathillo Mailun Khola Jalvidhyut Limited

च.नं. : ०७३-०८१/०८२

मिति : २०८१/०८/१९

श्रीमान् प्रमूख कार्यकारी अधिकृत ज्यू
नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : कम्पनीको वार्षिक साधारण सभा र शेयरधनी दर्ता किताब बन्द हुने मिति लगायत अन्य जानकारीका सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको सञ्चालक समितिको मिति २०८१/०८/१९ गते बुधबार दिउँसो ३:१५ बजे बसेको बैठकबाट निम्नानुसारका निर्णयहरू भएको व्यहोरा धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२ को (१) तथा धितोपत्र सूचीकरण सम्झौता बमोजिम तहाँ नेपाल स्टक एक्सचेन्ज लि.को जानकारीका लागि यो निवेदन गरेको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

१. यस कम्पनीको एघारौं वार्षिक साधारण सभा यही मिति २०८१/०९/२५ गते (तद्नुसार ९ जनवरी, २०२५) बिहीबारका दिन गर्ने र उक्त वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१२ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गर्ने र नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/११ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन् ।

२. समान उद्देश्य भएका अन्य कुनै उपयुक्त कम्पनीसँग गाभ्ने/गाभिने वा एकीकरण (Merger) गर्ने र यस कार्यका लागि नियमानुसारका आवश्यक सम्पूर्ण प्रक्रियाहरू अगाडी बढाउन सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धि प्रस्ताव कम्पनीको आगामी वार्षिक साधारण सभा समक्ष पेश गर्ने ।

**भवदिय,**

MATHILLO MAILUN KHOLA JALVIDHYUT LTD. 2012

.............................
ऋषिराज गौतम
(कम्पनी सचिव)

**बोधार्थ :**
१. सिडिएस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कर्मसियल कम्प्लेक्स, पुतलीसडक, काठमाण्डौ ।
२. सानिमा क्यापिटल लि., नक्साल, काठमाण्डौ ।

P. O. Box: 19737, Dhumbarahi, Kathmandu, Tel. (977-1) 4373030, 4372828, 4015788, Fax: (977-1) 4015799
E-mail: mailung@sanimahydro.com, Website: www.sanimamailung.com